नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्या:-०७६/७७
चलानी नं.:- २३५

मितिः- २०७७/०४/०९

श्री सवै सरकारी कार्यालयहरू,
भक्तपुर ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

उपर्युक्त विषयमा मिति २०७७।०४।०५ गते बसेको कार्यालय प्रमुखहरूको बैठकले गरेका निर्णयहरू पाना १ यसै पत्रसाथ संलग्न राखि जानकारी एवं आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(यज्ञराज जोशी)
प्रशासकीय अधिकृत

यज्ञराज जोशी
प्रशासकीय अधिकृत

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷 ६६१४६०७

निर्णयहरू:

१. भक्तपुर जिल्लामा सरुवा भई आउनु भएका महानगरीय प्रहरी परिसर भक्तपुर प्रमुख प्रहरी उपरीक्षक श्री तारादेवी थापा, खानेपानी तथा सरसफाई डिभिजन प्रमुख श्री अनिलप्रसाद केशरी र राष्ट्रिय प्राणी उद्यान कार्यालयका प्रमुख लालबहादुर भण्डारी लगायतलाई स्वागत गरियो ।
२. जिल्ला स्थित कार्यालयहरूले वार्षिक कार्यतालिकासहितको कार्ययोजना बनाई आगामी बैठकमा पेश गर्ने ।
३. जिल्ला स्थित सबै कार्यालयहरूले खरिद योजना, सूची प्रकाशन, लिलाम, मर्मत, धुल्याउने लगायतका कार्य प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुर्याई यथाशिघ्र कार्यान्वयन गर्ने ।
४. नेपाल सरकारबाट प्राप्त निर्देशनहरू जिल्ला प्रशासन कार्यालयबाट सम्बन्धित जिल्ला स्थित कार्यालयहरूमा समय-समयमा पठाइएको हुँदा सोको यथाशिघ्र कार्यान्वयन गर्ने ।
५. बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी नेपाल सरकारको शुरक्षा मापदण्ड पालना गर्दै स्थानीय तहको सहयोग तथा सहकार्यमा यस वर्षको गाईजात्रा पर्व मनाइने ।
६. जिल्ला स्थित कार्यालय प्रमुखले सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ बमोजिम सेवा प्रवाहको कार्यालयगत अवस्था प्रतिबेदन तयार गरी १(एक) महिनाभित्र पेश गर्ने ।
७. जिल्ला स्थित सकारी कार्यालय तथा स्थानीय तहका कार्यालयहरू हरियालीयुक्त बनाउन "एक कर्मचारी एक बिरुवा" अन्तरगत जिल्ला वन कार्यालयको सहयोगमा "पुरानो बिरुवाको संरक्षण गर्दै नयाँ बिरुवा वृक्षारोपण गर्ने" ।
८. जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरूले आ-आफ्नो मातहतमा रहेका सरकारी जग्गाको विवरण राखी सोको प्रतिवेदन पठाउने । भूमिसुधार तथा मालपोत कार्यालय,नापी कार्यालय र स्थानीय तहले सार्वजनिक पर्ति जग्गा तथा मठ मन्दिर, सार्वजनिक स्थल, पाटी पौवा नदीको विवरण अद्यावधिक गरी सोको एक प्रति जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
९. सार्वजनिक सेवा प्रवाहमा देखिएका जनताका गुनासा तथा उपभोक्ताहरूको हितलाई संरक्षण र सम्वर्धन गर्ने उद्देश्यले स्थानीय तह तथा सरोकारवाला निकायका प्रतिनिधिसमेत रहने गरी सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा उपभोक्ता हित संरक्षण तथा गुनासो सुन्ने संयन्त्र गठन गर्ने ।
१०. जिल्ला स्थित विकास निर्माणका काममा अनुगमन समन्वय तथा सहजीकरण गर्नका लागि जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा सबै सरोकारवाला निकायहरूका प्रतिनिधि रहने गरी विकास निर्माण सहजीकरण संयन्त्रको गठन र सो संयन्त्रले जिल्लाका प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूको समेत अनुगमन गर्ने ।
११. देशव्यापी रुपमा बदलिदो मौसमका कारण भक्तपुर जिल्लामासमेत बाढी, पहिरोलगायतका समस्याहरू देखिएकोले विपद् प्रतिकार्य योजनालाई सबैले कार्यन्वयन गर्दै सहयोग गर्ने ।